
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका एलिना चौहानले आफ्नो नामबाट कसैले ठगिरहेको बताएकी छन् । उनले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै यस्तो ठगिबाट बच्न सबैलाई अनुरोध गरेकी हुन् । 'मेरो फेसबुक आइडी प्रयोग गरेर केही व्यक्तिहरूले पैसा उठाउने काम गरिरहेका छन् भन्ने जानकारी पाएकी छ', उनी फेसबुकमा अगाडि लेख्छिन्- 'सबैलाई अनुरोध छ, सावधान रहनुहोस् । त्यस्ता ठगहरूलाई पैसा नदिनुहोस् ।'

आजको विचार...



समस्याको... (दुई पेजमा)

डा.गणेशप्रसाद घिमिरे



बलिउडका 'दबंग' सलमान खान अहिले टिभी शो 'बिग बोस' र फिल्म 'गलवान'मा ब्यस्त छन् । फिल्मको पहिलो छायांकन लद्दाखको सुन्दर उपत्यकामा गरिएको छ जहाँ, एक्सनका दृश्य खिचियो । यो फिल्म भारत-चीन द्वन्द्वमा आधारित छ । निर्माताले नेपाली अभिनेता अनुपविक्रम शाहीलाई कास्ट गरेका छन् । फिल्म निकट स्रोतका अनुसार 'गलवान'मा भारतीय र चिनियाँ सैनिकबीच भएका ५ अलग-अलग झडपका दृश्य छायांकन गरिएको थियो ।


❐ वर्ष ३१ ❐ अंक ६७ ❐ २०८२ असोज ६ गते सोमबार 22 September 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सुरु भयो दसैं, आज घटस्थापना

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज ५/नेपालीहरूको महान् पर्व बडादसैं अर्थात् नवरात्र आज (सोमबार)बाट सुरु भएको छ । नवरात्रको पहिलो दिन आज घरघरमा घटस्थापना अर्थात् जमरा राख्ने गरिन्छ । दसैं आश्विन शुक्ल प्रतिपदादेखि सुरु भएको मानिन्छ । पञ्चांग निर्णायक समितिका अनुसार आज बिहान ९:१३ बजेको शुभ साइतमा घटस्थापना गरिनु अर्थात् जमरा राख्नु उत्तम मानिन्छ ।

यस दिन हरेक घरको पूजाकोठा तथा दसैंघरमा विधिपूर्वक दियो, कलश र गणेशको पूजासहित माटोको पूर्ण घडामा गाईको गोबर टाँसी दुर्गा भवानीको आह्वान गरिन्छ । घटस्थापनाको दिन जौ र मकै जमराका लागि रोपिन्छ जुन देवीको अंग मानिन्छ र प्रसादका स्वरुप टीकाको दिन ग्रहण गरिन्छ । टीका ग्रहण गर्दा अरू फूलको सट्टा समृद्धिको प्रतीक पहेंलो जमरा लगाउने चलन छ । जमरा उमार्न शुद्ध माटो तथा बालुवा प्रयोग गरिन्छ । देवीलाई



जौको जमरा मनपर्ने भएकाले घटस्थापनाको दिन विधिपूर्वक जौ, गहुँ तथा मकैलाई माटोमा छरिन्छ र टीकाको साइतमा जमरालाई फूलको रूपमा प्रयोग गर्ने चलन छ । जमरालाई समृद्धिको प्रतिक मानिन्छ । त्यसैले टीकाको दिन आफूभन्दा मान्यजनको हातबाट टीका ग्रहण गर्दा पहेँलो जमरा नै प्रयोग गरिने हुनाले जमरा उमार्न शुद्ध माटो प्रयोग गरिन्छ । जमरा राख्नुपूर्व गाउँघरमा रातो तथा कमेरोको माटोले र सहरमा विभिन्न रङले घर लिपपोत तथा रङरोगन गरिन्छ । घर शुद्ध भएपछि मात्र देवीको आगमन हुन्छ भन्ने मान्यता छ । घटस्थापनाको पहिलो दिन झिसमिसेमै आत्माशुद्धि पछि नदी खोला, बगर अथवा आफूलाई पायक पर्ने स्थानबाट वालुवा या माटो ल्याई जमरा राखिन्छ । जमरा राख्नुपूर्व पूजा कोठाको सरसफाइ तथा गाईको गोबरबाट लिपपोत गर्ने प्रचलन छ । यसैबीच घटस्थापनाको उपलक्ष्यमा दसैंघरमा वैदिक विधिपूर्वक जमरा राखी महाकाली महालक्ष्मी, महासरस्वतीलगायत नवदुर्गा र अन्य शक्तिपीठहरूमा नवरात्रिको पूजा आरम्भ हुन्छ । नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गरिन्छ । बडादसैंको सातौं दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ । महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरूले दसैंघर, कोत र शक्तिपीठमा बलिसहित विशेष पूजा गर्दछन् । नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमददेवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुति पाठ गरिन्छ । यस अवसरमा देशभरका शक्तिपीठहरूमा पूजाआजाका लागि भक्तजनहरूको घुँइचो लाग्ने गर्दछ । यस वर्षको विजया दशमीको शुभसाइत असोज १६ गते बिहीबार बिहान ११:५३ बजे रहेको नेपाल पञ्चाङ्ग निर्णयक समितिले जनाएको छ । असोज ६ गते बिहान ९:१३ बजे घटस्थापना, असोज १३ गते सोमबार फूलपाती, असोज १४ गते मंगलबार महाअष्टमी र कालरात्रि परेको समितिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । असोज १५ गते बुधबार महानवमी र असोज १६ गते बिहीबार विजयादशमी परेको छ । असोज २० गते सोमबार सबै बलि दिइसक्नुपर्ने (अखिलबलिपूर्ति) र त्यसै दिन कोजाग्रत पूर्णिमा परेको समितिले जनाएको छ ।

## सक्षिप्त समाचार

### गाजामा इजरायली हमलामा ९१ को मृत्यु

**(रासस/एएनआई)**

**किभ,** असोज ५/इजरायली सेनाको तीव्र हवाई र स्थल आक्रमणले शनिबार गाजामा एकै दिन ९१ जना प्यालेस्टिनीको ज्यान लिएको अल जजिराले जनाएको छ । मृतकहरूमा एक प्रमुख चिकित्सकका आफन्त र उत्तरी गाजाबाट भागिरहेका नागरिकहरू पनि परेका छन् । आक्रमणले आवासीय घर, विस्थापितका शिविर र नागरिक बोकेको ट्रकलाई निशाना बनाएको थियो । यसै क्रममा गाजाको सबैभन्दा ठूलो अस्पताल अल-सिफाका निर्देशक मोहम्मद अबु साल्मियाको परिवार घरमै मारिएको थियो । हमासले यसलाई 'चिकित्सकहरूलाई सहर छोड्न बाध्य पार्ने आतङ्कवादी सन्देश' भन्दै निन्दा गरेको छ । अर्को आक्रमणले गाजाको नासर क्षेत्रमा ट्रकमा ठोक्किँदा कम्तीमा चार जनाको मृत्यु भएको थियो । अल जजिराकी संवाददाता हिन्द खोदारीका अनुसार हजारौं विस्थापित निरन्तर बमबारी, तोप आक्रमण र ड्रोन आक्रमणबाट भागिरहेका छन् । इजरायली सेनाले विस्फोटक भरिएका रोबोट प्रयोग गरी क्षेत्र ध्वस्त पारिरहेको बताइएको छ ।


## खाद्य गुणस्तरमा ध्यान दिऔं ।

-सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
-मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
-खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
-म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
-खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
-ताजा फलफूल र तरकारी खाने बानी बसाऔं,
-अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं,
-खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,
स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


# सामुदायिक विद्यालय अभिभावक तथा विद्यार्थीको रोजाइमा

**रामपुर (पाल्पा),** असोज ५/युवा जनशक्ति आजका आवश्यकता मात्र होइनन्, देशका परिवर्तनका संवाहक पनि हुन् । परिवर्तन खोज्ने हो भने युवाकै नेतृत्व चाहिन्छ । यो हरेक क्षेत्रमा गुञ्जिन्छ र युवाले नै नेतृत्व गरेका संस्था, क्षेत्रमा परिवर्तनको लहर झल्किएको छ ।

कुनै समय विद्यार्थी नियमित रूपमा विद्यालय नआउने, बिनापोशाक विद्यालय आउने, गृहकार्य नियमित नगर्ने, पढाइमा चासो नदिने, अभिभावकले पनि आफ्ना सन्तानले विद्यालयमा कस्तो पढिरहेका छन् भन्नेबारे बेवास्ता गर्ने गरेका थिए । शिक्षक नियमित रूपमा विद्यालय नआउने, आए पनि विद्यालय समयमा नबस्नेजस्ता समस्याले विद्यालयको शैक्षिक तथा भौतिक वातावरण अपेक्षाकृत रूपमा फेरिएको थिएन ।



शैक्षिक क्षेत्रमा युवा नेतृत्व आएपछि पछिल्ला वर्षमा भने धेरै परिवर्तनका लहर आएका छन् । यसको ज्वलन्त उदाहरण हुन् रामपुर नगरपालिकाका शैक्षिक संस्था । यहाँका शैक्षिक संस्थामा युवा नेतृत्वले धेरै सुधार हुँदै आएको छ । रामपुर आधारभूत विद्यालयमा तीन वर्षअघि विद्यार्थी संख्या न्यून थियो । विद्यालयमा विद्यार्थी टिकाउनै मुस्किल पर्थ्यो । कुनै समय यो अत्यधिक विद्यार्थी पढ्ने विद्यालयको अग्रपङ्क्तिमै पर्दथ्यो । समयानुकुल शैक्षिक गतिविधि अगाडि बढाउन नसक्दा बीचमा विद्यार्थी संख्या घटदै गयो । युवा नेतृत्वको कुशल जिम्मेवारीले अहिले विद्यालयको अवस्था बदलिएको छ । तीन वर्षअघि ८७ विद्यार्थी रहेको यो विद्यालय अहिले दोब्बर बढी छन् । यहाँ हाल दुई सय दुई विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा विद्यार्थी संख्या मात्र फेरिएको होइन, भौतिक संरचना, विद्यालयको पूरै वातावरण नै नयाँ स्वरुपको बनेको छ । "युवाको गहन र कुशल जिम्मेवारीले विद्यालय फेरिने रहेछ", प्रधानाध्यापक विजय शर्माले भने । प्राथमिक तहमा स्थायी दरबन्दीमा नियुक्ति लिएपश्चात २०७९ चैत २० गते रामपुर आधारभूत विद्यालयमा पदस्थापन भएका प्रअ शर्माले तीन वर्षमै यसलाई नमूना विद्यालय बनाउन सफल भएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नवरात्रीको सन्दर्भ

आजदेखि नवरात्री प्रारम्भ भएको छ । यस दिन बिहानै आत्मशुद्धि पश्चात् नदी, खोला, बगर वा आफूलाई पायक पर्ने ठाउँमा गई चोखो बालुवा अथवा पञ्चमाटो ल्याई दसैं घर वा पूजाकोठामा राखी जमरा उमार्न जौ छरिन्छ । यस दिन घट कलशको स्थापना गरी देवी–देवतालाई आह्वाहन गरिन्छ । जौं अथवा अन्नलाई वैदिक यज्ञको लागि अत्यावश्यक वस्तु मानिन्छ । माता भगवतीलाई मन पर्ने वनस्पतिमा जमरा पनि एक भएकाले भगवतीलाई खुसी पार्नको लागि जमरा उमार्ने गरिएको हो ।

नवरात्रको पहिलो दिन आज घटस्थापना हो । नौ दिनसम्म शक्तिस्वरूप भगवतीको पूजा गर्ने, देवी माहात्म्य पाठ गर्ने शक्तिपीठ दर्शन गर्ने र दशमीका दिन मान्यजनको हातबाट टीका, जमरा र प्रसाद लगाउने भन्ने बुझिन्छ । नवरात्रीको आफैमा महत्व रहेको छ । तर पनि यस समयमा हुने घटस्थापना, फूलपाती, महाष्टमी, महानवमी र विजया दशमी चार दिनको महत्व अझ बढिरहेको हुन्छ । नवरात्रीभरि नै शक्तिपीठहरू भक्तजनको गन्तव्य बन्ने गर्दछन् । यस दिन विशेषगरी रातमा प्रत्येक दसैं घर तथा शक्तिपीठहरूमा कालरात्री गर्ने चलन छ । तान्त्रिक विधि अनुसार कालरात्री गर्ने विधि शास्त्रमा बताइएको छ । कालरात्रीका क्रममा कतिपय ठाउँमा बोका बलि दिइन्छ । शक्तिपीठहरूमा भने बोका राँगा लगायतका पञ्चबलि दिने चलन छ ।

दसैं पर्व हाम्रो संस्कृति हो । यसलाई तडकभडक साथ मनाउनुभन्दा पनि यसको संस्कृतिको बारेमा हामीलाई थाहा हुन जरुरी छ । हाम्रो परम्परा र संस्कृतिलाई बचाउनु पर्दछ तर यसलाई पर्वको रुपमा मनाउँदा आफ्नो आर्थिक र स्वास्थ्य अवस्थालाई ख्याल गर्न सकेनौं भने यसले हामीलाई दसैं नभए र दशाको रुपमा परिणत गरिदिन्छ । तसर्थ यसलाई एउटा साँस्कृतिक महत्वको चाडका रूपमा स्वीकार गरी दसैंको गरिमा वृद्धि हुनेगरी विशुद्ध मनोरञ्जनात्मक रुपमा 'घाँटी हेरी हाड निल्न' भन्ने उखानलाई हृदयंगम गरी मनाउन सकियोस् अनि मात्रै दसैं साच्चिकै दसैं बन्न सक्छ ।

### Opinion @ Social Network

समय आएपछि आफै थाहा पाउने छौ
तर धेरै ढिलो हुनेछ
रोजेको सबै असल र छोडेको सबै खराब हुदैन भन्ने कुरा ।

*(केशव कुंवरको फेसबुक स्टाटसबाट www.facebook.com/Keshav.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समस्याको थुप्रोमा सरकार ! पुराना दललाई सच्चिने अवसर



**डा.गणेशप्रसाद घिमिरे**

> *स्वतन्त्ररूपमा मतदान प्रक्रियाबाट आएर सरकार बनाउने अवस्था पनि देखिँदैन । संविधानको व्यवस्थापकीय पक्ष अनरूप यो सरकारको अवधि संसदीय निर्वाचन गराउनु हो । संसदीय निर्वाचन नहुँदाको समयसम्मलाई यो सरकारको आयु मानिएको छ । यो सरकार समस्याको थुप्रोमा आएको सरकार हो ।*

एउटा परिवार चलाउन पनि मानिसलाई समस्या हुनेगरेको हुन्छ । परिवारमा असल र समझदार अभिभावक भएन भने परिवार नै विघटनको अवस्थामा पुग्ने गरेको हुन्छ । पारिवारिक विघटन आजकलको समाजमा सामान्य नै मानिने गरेको देखिन्छ । महाभारतमा असल र समझदार अभिभावक नहुनाले नै युद्ध भएको थियो । यो सत्य र यथार्थ हो । यो सत्यसित हामी सनातनी अनभिज्ञ छैनौं । यही सत्यको पाटोलाई हेर्दा परिवारको विघटनले परिवार मात्र होइन राज्य नै समाप्त हुने र नरसंहार मच्चिने सन्दर्भलाई महाभारतको कथाले प्रमाणित गरिदिएको छ । त्यसैले परिवारको मियो असल र समझदार हुनु पर्ने तथ्यलाई नकार्न सकिँदैन । यो सार्वजनीन सत्य पनि हो । यो सत्यमा टेकेर गतिशील हुन्छ परिवार, समाज र राष्ट्रको पहिचान पनि । यही भदौको २३ र २४ गते भएको आन्दोलन र त्यस आन्दोलनबाट सिर्जित परिस्थितिका ज्ञाता हामी नेपालीमात्र होइन विश्व पनि भयो ।

विश्वको इतिहासमा दुई दिनमा सत्ता परिवर्तनको अवस्था सायद छैन होला ? तर नेपालमा त्यो भयो । यसमा विदेशी चलखेल वा विदेशीको संलग्नताका कुरा आउन थाले तर जेहोस् ठूलो मानवीय र भौतिक क्षतिका साथै नेपालको शासकीय पद्धति नै परिवर्तन भयो । हामीबाहेक कसैले पनि शासन गर्न सक्दैन भन्ने पुराना दलको अहंकारलाई दुई दिनको आन्दोलनले समाप्त पारिदिएको छ । यस अवस्थाका कारक नेपाली होइनन् भन्ने धारणा पनि सामान्य जनमानसमा देखा परिसकेको छ । यो आन्दोलन निम्त्याउने र यो आन्दोलनको अवस्था सिर्जना गर्ने कारक पुराना दलहरू हुन् भन्ने तथ्यलाई कसैले पनि नकार्न सक्दैन । उक्त आन्दोलनले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई देशको असल र समझदार अभिभावकको भार सुम्पिएको छमात्र ६ महिनाका लागि । देशको राजनीतिक शून्यतालाई निर्वाचन प्रक्रियाका माध्यमबाट अवतरण गराउनका लागि ।

**समस्याका थुप्रा :** मानिसले परिवारका समस्या पारिवारिक समझदारीबाट समाधान गर्ने गरेको हुन्छ । परिवारमा बाहिरी हस्तक्षेप भयो भने परिवार कलहको भुमरीमा फस्ने गर्दछ । यही अवस्थामा गठन भएको छ वर्तमान सरकार । वर्तमान सरकार दलीय व्यवस्थाले निम्तो गरेको अस्वस्थतामा आएको हो । दलीय व्यवस्थाप्रति अस्वीकृत युवाले दिएको भने होइन । दलीय व्यवस्थाभन्दा बाहिर हाम्रो मुलुकमा सरकार बनाउने आधार संविधानमा उल्लेख नै छैन । स्वतन्त्ररूपमा मतदान प्रक्रियाबाट आएर सरकार बनाउने अवस्था पनि देखिँदैन । संविधानको व्यवस्थापकीय पक्ष अनरूप यो सरकारको अवधि संसदीय निर्वाचन गराउनु हो । संसदीय निर्वाचन नहुँदाको समयसम्मलाई यो सरकारको आयु मानिएको छ । यो सरकार समस्याको थुप्रोमा आएको सरकार हो । युवा जमात देशबाट भ्रष्टाचार निर्मूल पार्ने र आफ्ना तथा आफन्तवादको समाप्ती चाहन्छ । आफन्तवादमा रमेका पूर्ववर्ती सरकार प्रमुख र मन्त्रीहरूप्रतिको असन्तुष्टि नै यो सरकारको उपस्थिति हो । यो उपस्थितिलाई गम्भीर र जिम्मेवार बनाउनु अहिलेका सरकार प्रमुख र मन्त्रीको दायित्व पनि हो । युवाको चाहना, देश विकासका आधार, आजसम्म जरा गाडेर बसेका पुराना दलका कार्यकर्ता, ती कार्यकर्ताले गर्ने भाषण र टिप्पणी, जनताका प्रतिनिधिबाट आएको संविधानको रक्षा, बेराजगारी समस्या, पुनर्निर्माणका कुरालाई नै यो सरकारले मुख्य आधार मान्नुपर्ने देखिन्छ । केही निर्णयहरू स्वागत योग्य नै छन् । सरकारी सेवासुविधा नलिने मन्त्रीको उद्घोषले जनतामा सकारात्मक सोच देखापरेको छ । संविधानलाई निर्जीव तुल्याउने अधिकार यो सरकारलाई पनि छैन । संविधानत: यो सरकार चल्नुपर्दछ । संविधानमा उल्लेख भएका धारा र उपधारालाई नजरअन्दाज गर्ने अधिकार पनि सरकारलाई छैन । यही संविधानमा टेकेर नै आफ्नो जिम्मेवारीलाई पूरा गर्नु यो सरकारको दायित्व र कर्तव्य ठहरिन जान्छ । युवामात्र होइन देशको जनता नै आशाको दियोलाई नियालिरहेको छ । आशालाई निराशामा परिणत गर्ने अधिकार यो सरकारसित छैन । नेपालको स्वाधीनता र सम्प्रभुतासित खेलवाड गर्ने अधिकार पनि आन्दोलनले सरकारलाई दिएको छैन । यस सरकारका प्रमुख र मन्त्रीको जिम्मेवारी पाएका र पाउन लालायित भएका व्यक्ति आफैंमा असल र चरित्रवान् हुनु अनिवार्य हुन्छ । असल व्यवहार, देशको पहिचान सर्वोपरि, युवाले खोजेको परिवर्तनको प्रत्याभूति, पुराना दलप्रतिको धारणामा यो सरकार स्पष्ट हुनु अनिवार्य देखिन्छ । सरकारले राम्रो काम गर्न सकेन भने सरकार परिवर्तन गर्न धेरै समय लाग्दैन भन्ने तथ्यलाई पनि मनन गर्न आवश्यक देखिन्छ । पुरानो पुस्ताबाट रुष्ठ भएको युवाले नयाँ पुस्तालाई ल्याउन त सकेन । पुरानै पुस्ता ल्याए पनि युवाको विश्वासमा तुषारापात नहोस् भन्ने मनको भावना सबै नेपालीको देखापरेको छ । सुझबुझ र समझदारीपूर्वक देशको शासकीय पद्धति चलाउनु यस सरकारको दायित्व हो । सरकारलाई पुराना दलको नभए पनि नेपालीको र नेपालका युवाको समर्थन भने पक्कै पनि छ । जनताको यो आशा निराशामा परिणत नहोस् । धेरै आशा नभए पनि भ्रष्टाचार र आफन्तवादप्रति सामान्य नेपाली रिसाएको थियो । आक्रोश थियो । आक्रोशभित्र जलन थियो । देशको अवस्थाप्रति चिन्ता थियो । त्यही चिन्ताको परिणाम हो यो सरकार ।

**सच्चिने अवसर**

राणा, पञ्चायत, राजा जस्ता निरंकुश शासनलाई फालेर आएका दल हुन् । यी दलको इतिहास सुरक्षित छ । जेल भोगेका व्यक्ति उक्त दलका नेता हुन् । ती व्यक्तिहरूको पनि इतिहास छ । इतिहासका पानामा लेखिएका दल र ती दलका नेताको अवस्था आज धेरै कमजोर भएको छ । इतिहास असल थियो दलहरूको । नेता असल भएनन् र यो अवस्था भोग्नुपरेको तथ्यलाई नेपालीले बुझेका छन् । सदा आफूलाई केन्द्रमा राखेर नेपालीको भाग्य कोर्ने नेतालाई आजको दलबिहीन युवाले आँखा खोलिदिएको छ । घरमा विश्राम गर्ने बेलामा पनि सदा सत्ताको केन्द्रमा रहने दलका नेतालाई सावधान गराएको छ आजको पुस्ताले । राम्रा होइन हाम्रालाई पदमा पुऱ्याउने पहिचान बोकेका नेतालाई बाटो देखाएको छ प्रविधिसम्पन्न युवाले । सजग रहेर देशको शासन चलाऊ भन्ने सन्देश दिएको छ वर्तमानको पुस्ताले । यो पुस्ता भोलि राजनीतिमा आउँछ वा आउँदैन त्यो भविष्यले नै बताउने छ तर आज सजग छ । देशको हित सोचेको छ । जिम्मेवार बन्न आग्रह गरेको छ । नेपाली कांग्रेससित असी वर्षको इतिहास छ । सदा निरंकुश शासनका विरुद्ध लडेको इतिहास छ । बीपी कोइरालाको दर्शन छ । आफूलाई देशको हितमा समर्पित गर्ने वाचा छ तर ती सबै आजको पुस्ताले जलाइदियो । आजको पुस्ताले मानेन । नेपाली कांग्रेसको इतिहास । मानेन बीपीको दर्शन र कांग्रेसको आदर्श किन ? सोच्ने बेला आएको छ । नेकपा एमालेसित असी वर्षको इतिहास छ । इतिहाससित जोडिएको पहिचान छ । मार्क्स र लेलिनको सर्वहारा दर्शन छ तर त्यसलाई पनि आजको पुस्ताले स्वीकार गरेन किन ? नेपाल र नेपालीको हितका लागि दश वर्षसम्म जनयुद्ध लडेको इतिहास छ नेकपा माओवादीसित । सर्वहारा वर्गलाई अधिकार सम्पन्न बनाउनुपर्दछ भन्ने आवाज छ । माओत्सेतुङको दर्शन छ । आजको पुस्ताले त्यसलाई पनि अस्वीकार गऱ्यो किन ? अन्य राष्ट्रिय प्रजातन्त्र पार्टी त देशमा गणतन्त्रको विकल्प राजतन्त्र हो भन्ने पक्षमा उभिएको पार्टी हो । राष्ट्रिय स्वतन्त्र पार्टी त अवसरवादीको जमात हो भन्दा फरक पर्दैन होला ? अवसर मिलेमा कानुनविपरीत काम गर्न तम्सिने सभापति र सभापतिको लहलहैमा लाग्ने व्यक्तिहरूको भीडभन्दा पनि हुन्छ । केही क्षेत्रीय पार्टी पनि छन् । इतिहास लामो छैन । दर्शन छैन । विचार छैन । आफूलाई अब्बल बनाउन खोज्ने व्यक्तिगत सोचमात्र छ । त्यही सोचले उनीहरू नेपालको राजनीतिक इतिहासमा सबल बन्न सकेका छैनन् । नेपालको राजनीतिमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी नै जनताको विश्वासलाई जित्ने पार्टी हुन् । गत भदौमा भएको आन्दोलनले कसैलाई पनि छाडेन । कुनै पार्टीको प्रमुख वा ती दलका नेतालाई अस्वीकार गऱ्यो । तिमीहरू देशको हितमा छैनौं भन्ने सन्देश दियो । तिमीहरूबाट देश चल्दैन । देशको विकास र उन्नतिका लागि तिमीहरू अयोग्य छौ भन्ने तथ्यलाई प्रमाणित गरिदियो । युवा र वर्तमान पुस्ता जसलाई जेनजी नाम दिइएको छ । किन यस्तो भयो बुझ्ने प्रयासमा लाग । सत्तामा रहँदा एकले अर्कोलाई देखिनसहने प्रवृत्तिको अन्त्य गर । नेतृत्व तिमीबाट चल्दैन युवा पुस्तामा हस्तान्तरण गर । तिमीले पार्टी र देशलाई हाँक्न सकेनौ । आज तिम्रा समर्थकभन्दा तिम्रो निन्दा गर्ने पुस्ता बढी छ ।

सावधान बनेर आफूलाई विश्राम दिऊ । यही भनेको छ आजको सपनाको महलमा उभिएको पुस्ताले । तिमीले देशको सम्पत्ति र जनताको करमा मोज गऱ्यौ । सरकारी नियुक्तिमा आफ्नालाई रोज्यौ । आफन्त भएन भने नजराना माग्यौ । नेपालीलाई नै भुटानी बनाएर बेच्यौ । प्रत्येक योजनामा कमिसन खोज्यौ । ठेकेदार पनि आफ्नो मान्छे हुनुपर्ने अडानमा रह्यौ । जताततै कमिसन, कालोबजारी र आफन्दवादमा रमायौ । यही आरोप आजको पुस्ताले तिमीमाथि लगाएको छ । विचार गर । दलीय व्यवस्थामा दलको उच्चता राजनीतिमा हुन्छ । अब ठूला दलका ठूला नेताले आफूलाई विश्राम दिन तयार रहनु आवश्यक छ । विशेष अधिवेशनबाट आफूलाई अलग गर र स्वस्थ राजनीतिक प्रतिस्पर्धाबाट नेतृत्व चयन गर । यदि यसो गर्न सकेनौ भने तिम्रो दलको शून्यता आउँदो निर्वाचनमा हुनेछ भन्ने तथ्य दुई दिनको आन्दोलनले देखाएन र ! दलका शीर्ष नेता ! लाखौंमा कार्यकर्ता भएका नेतालाई बच्न समेत धौ-धौ पर्नुले यही संकेत गरेन र ! यो तिमी र तिम्रो पार्टीका लागि सच्चिने अवसर हो । विचार गर । आफू र आफूले सिञ्चन गरेको पार्टीलाई भड्खालोमा नपुऱ्याऊ चेतना भया ।*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ जिम्मेवारी मिल्नेछ। विश्वास राखेर कार्य गर्नुहोस् सफलता मिल्नेछ। | **तुला** : संगीतको क्षेत्रमा विशेष उन्नति मिल्नेछ। कार्यमा सफलता दिलाउनेछ। |
| **वृष** : लगानीको लागि उपयुक्त समय र हेको छ। गतिविधिहरुमा संलग्न भइएला। | **वृश्चिक** : पराक्रममा वृद्धि हुनेछ। नोकरीको लागि सफलता मिल्नेछ। |
| **मिथुन** : लामो समयदेखि चलिरहेको विवाद सुल्झिनेछ। धैर्य र पराक्रममा वृद्धि हुनेछ। | **धनु** : अर्काको जिम्मेवारी बहन गर्नुपर्ला। लेनदेनमा धोखा मिल्न सक्छ । |
| **कर्कट** : समस्या निम्त्याउन सक्छ सावधान रहनुहोस्। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। | **मकर** : अप्ठ्यारा काम सम्पादन हुनेछन्। अर्कालाई सोधेभन्दा धेरै सल्लाह नदिनुहोला। |
| **सिंह** : कार्यक्षेत्रमा राम्रो सद्भाव पाइनेछ। शेयर मार्केटबाट लाभ मिल्नेछ। | **कुम्भ** : अधिकारीबाट नयाँ जिम्मेवारी पाइनेछ। कार्यक्षेत्रमा मान सम्मान बढ्नेछ। |
| **कन्या** : व्यवसायमा लाभ रहनेछ। सहयोग जुट्नाले नसोचेको लाभ उठाउन सकिनेछ। | **मीन** :संस्थामा सम्मेलन हुने अवसर प्राप्त हुनेछ। आर्थिक कारोबारमा लाभ रहनेछ। |

# शिक्षा

## पहिरोले भवन बगाएपछि विद्यालय स्थानान्तरण



म्याग्दी पहिरोले कक्षाकोठा भवन, शौचालय, खेलमैदानलगायत सबै संरचना बगाएपछि म्याग्दीको मालिका गाउँपालिका-४ मा रहेको ओखरबोट माध्यमिक विद्यालय स्थानान्तरण भएको छ । ओखरबोटको फेदीमा रहेको पाखोबाट सुरु भएको पहिरोले पुरानो भवनसहित भौतिक संरचना बगाएपछि किमबोटमा अस्थायी भवन निर्माण गरी पठनपाठन सञ्चालन गरिएको हो । आर्थिक वर्ष २०८१/८२ मा मालिका गाउँपालिकाको २० लाख अनुदानमा १३ कोठे कच्ची भवन बनाएर स्थानान्तरण गरिएको मालिका-४ का वडाध्यक्ष भिजेन्द्रमान पुनले बताए । "विद्यालयको थप पूर्वाधारका लागि यस वर्ष दश लाख विनियोजन भएको छ", उनले भने, "पहिरो रोकथामका लागि सँघीय र प्रदेश सरकारसँग पहल गरेका छौँ ।" चाररचार कोठे दुई वटा पक्की भवनमुनिको जमिन चर्कीएपछि ढल्ने अवस्थामा रहेका उनले जानकारी दिए । ढुङ्गा, माटो र काठले बनेको १७ कोठे कच्ची भवन, शौचालय, घेराबार र खेलमैदान पहिरोसँगै बगेको छ । भिरालो पाखोमा रहेको विद्यालय भवनमाथि रहेको सडकको भल, भूमिगत पानी, कमजोर भूगोल र तल रहेको दाजुङखोलाको कटानका कारण पहिरो गएको स्थानीय बताउँछन् । पहिरोले तीन करोडभन्दा बढीको भौतिक संरचनामा क्षति पुऱ्याएको विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष पबहादुर विश्वकर्माले बताए । "किमबोटको अस्थायी भवन परिसरमा घेराबार, ढल व्यवस्थापन र संरक्षणका लागि स्रोतको खोजीमा छौँ", उनले भने, "पुरानो भवनको ढुङ्गा र फर्निचर प्रयोग गरेर अस्थायी भवन बनाएका हौँ ।" विद्यालयका प्रधानाध्यापक नविन कार्कीका अनुसार विसं २००८ मा स्थापना भएको कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा हाल २०० विद्यार्थी अध्ययनरत छन् । "कच्ची भवनको एउटा कोठामा पढाएको अर्को कोठामा सुनिन्छ । कोठा विभाजन, पलास्टर र रङरोगन तथा घेराबार गर्न बाँकी छ", उनले भने । ओखरबोट गाउँभित्र भवन बनाउन विसं २०८० मङ्सिरमा अमिक शेरचनका १० दाजुभाईले नौ रोपनी तीन आना तीन दाम दुई पैसा क्षेत्रफल भएको जग्गा उपलब्ध गराएका थिए। पूर्वउपप्रधानमन्त्री रहेका शेरचनका दाजुभाईले सरकारीको मापदण्ड अनुसार ४४ लाख ७७ हजार मूल्य पर्ने उक्त जग्गा निशुल्क रूपमा उपलब्ध गराएपनि नाम राख्ने विषयमा विवाद देखिएको थियो । वडा सदस्य भिमसरा पुनले जग्गादाताले विद्यालयको नाम परिवर्तन गर्न प्रस्ताव गरे पनि गाउँपालिका तहमा सहमति नजुटेकाले उक्त जग्गामा भवन निर्माण प्रक्रिया अघि बढ्न नसकेको बताए । पहिरोले क्षति गरेको विद्यालयको बुधबार निरीक्षण गरेका गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले तत्कालीन रूपमा अस्थायी कक्षाकोठा व्यवस्थापन गर्न सरकारसँग समन्वय गर्ने प्रतिवद्धता जनाए । जग्गादाता र गाउँपालिका तथा समुदायले विद्यालयको नामसम्बन्धी विषयलाई टुङ्गो लगाउन आग्रह गर्दै उनले थप पूर्वाधार निर्माणका लागि प्रदेश र सँघीय सरकारका निकायमा पहल गर्ने बताए । *-रासस*

## म्याग्दीका क्याम्पसमा विद्यार्थी सङ्ख्या निरन्तर ओरालो




म्याग्दी जिल्ला सदरमुकाम बेनीमा रहेको एकमात्र म्याग्दी बहुमुखी क्याम्पसमा स्नातक र स्नाकोत्तर तह अध्ययन गर्ने विद्यार्थी सङ्ख्या पछिल्लो तीन वर्षयता निरन्तर ओरालो लागेको छ । सदरमुकाम बाहिर बाबियाचौरको मङ्गला शिक्षा क्याम्पसमा एक सय १२ र घारको मुक्तिमार्ग क्याम्पसमा विद्यार्थी सङ्ख्या ५५ जना छ । समुदायस्तरबाट सञ्चालित तीनवटै क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त हुन् । विद्यार्थी सङ्ख्या कम भएपछि न्यू वेष्ट पोइन्ट फाउन्डेसनले व्यवस्थापन सङ्कायमा सञ्चालन गर्दै आएको स्नातक तहको कक्षा दुई वर्षअघि बन्द गरेको थियो । पछिल्लो दुई दशकयताको न्यून जन्मदर, बढ्दो बसाइँसराइ र विद्यार्थीहरू रोजगारीसँगै अध्ययनको अवसर खोज्दै विदेश जाने क्रम बढेपछि निजी क्षेत्रले सञ्चालन गरेको क्याम्पस बन्द तथा समुदायको प्रयासमा सञ्चालन भएका क्याम्पसमा विद्यार्थी सङ्ख्या ओरालो लागेको हो । म्याग्दी बहुमुखी क्याम्पसका प्रमुख श्रीधर सुवेदीले स्नातक तहमा नयाँ भर्ना हुने दर घटेको र भर्ना भए पनि अन्तिम वर्षसम्म नटिक्ने विद्यार्थी बढेका बताए । उनका अनुसार आर्थिक वर्ष २०७९/८० मा स्नातक तहको मानविकी, व्यवस्थापन र शिक्षा सङ्कायमा भर्ना हुने विद्यार्थीको सङ्ख्या आठ सय ८५ जना रहेकामा आव २०८०/८१ मा सात सय तीन र २०८१/८२ मा पाँच सय ५८ मा झरेको छ । स्नातक तहको कम्प्युटर विज्ञान विषयमा आव २०७९/८० मा २१, २०८०/८१ मा २८ र २०८१/८२ मा २३ जना विद्यार्थी भर्ना भएका छन् । म्याग्दी क्याम्पसको व्यवस्थापन र शिक्षा सङ्कायमा स्नाकोत्तर तह अध्ययनका लागि आव २०७९/८० मा ४५, २०८०/८१ मा ६० र २०८१/८२ मा ४६ जना विद्यार्थी भर्ना भएका छन् । क्याम्पसमा अध्ययनरत कुल छ सय २८ जनामध्ये ६४ दशमलव ९७ प्रतिशत छात्रा छन् । विद्यार्थी सङ्ख्या कम भए पनि क्याम्पसको उत्तीर्णदर बढेको प्रमुख सुवेदीले बताए । स्नातक तहमा २०७८ सालमा २८ दशमलव ६८, २०७९ मा ३५ दशमलव २२ र २०८० को उत्तीर्णदर ३७ दशमलव २२ छ । विसं २०८१ को नतिजा सार्वजनिक हुन बाँकी छ । स्नाकोत्तर तहमा सन् २०२३ को परीक्षामा सहभागी एक सय आठ विद्यार्थीले सबै विषय उत्तीर्ण गरेका क्याम्पस प्रमुख सुवेदीले बताए । "विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायण सुनिश्चितता क्युएए पाएको क्याम्पसमा उत्तीर्णदर बढे पनि विद्यार्थी सङ्ख्या बढाउन र टिकाउन चुनौती भएको छ", उनले भने, "विद्यार्थीको सङ्ख्यासँगै शुल्कबाट हुने आम्दानी घट्दा क्याम्पस सञ्चालनका लागि स्रोत जुटाउन समस्या भएको छ ।" म्याग्दी क्याम्पसका पूर्वप्रमुखसमेत रहेका समाजशास्त्र विषयका प्राध्यापक गोरखबहादुर जिसीका अनुसार त्रिभुवन विश्वविद्यालयका आङ्गिक र सम्बन्धनप्राप्त गरेका एक हजार ५०० मध्ये एक सयभन्दा कम विद्यार्थी रहेका क्याम्पसको सङ्ख्या चार सय छ । "पाँच सयदेखि माथि विद्यार्थी सङ्ख्या हुने सामुदायिक क्याम्पस एक सय पनि छैनन, करिब एक हजार जनाको हाराहारीमा विद्यार्थी हुने ४०-४५ वटा क्याम्पसमध्ये म्याग्दी क्याम्पस पनि एक हो", उनले भने, "विसं २०७८ सम्म एक हजार ४०० को हाराहारीमा विद्यार्थी सङ्ख्या भएको क्याम्पसमा विद्यार्थी घट्नुको प्रमुख कारण वैदेशिक रोजगारी नै हो ।" व्यवस्थापन सङ्कायका ३५ विद्यार्थीले एकै वर्षमा जापान अध्ययन गर्न जानका लागि सिफारिसपत्र बनाएका उनले बताए । दश जोड दुई अध्ययन सकेपछि विद्यार्थी रोजगारीसँगै आम्दानी गर्ने अवसर खोज्दै ठूला सहरका क्याम्पसमा भर्ना भएर तयारी गर्ने र उच्च शिक्षा पूरा नहुँदै जापान, अष्ट्रेलियाजस्ता देशमा जाने गरेका प्राध्यापक जिसीले बताए । ग्रामीण क्षेत्रका क्याम्पसमा अध्ययन गर्नेमा विपन्न समुदायका, छोरीबुहारी र जागिरेहरूको सङ्ख्या बाहुल्यता छ । म्याग्दी बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष दीपेन्द्रकुमार श्रेष्ठले छात्रावास, छात्रावृत्तिको सुविधा, उद्यमशीलता प्रवर्द्धन कार्यक्रम, लोकसेवा तयारी कक्षा, प्राविधिकतर्फ कम्प्युटर, विज्ञान विषयको कक्षा सञ्चालन गरेको बताए । "राज्यले नै उच्च शिक्षा अध्ययनसँगै रोजगारीको अवसर पाउने वातावरण नबनाए सामुदायिक क्याम्पसहरूमा विद्यार्थीको अभाव कायम रहन्छ", उनले भने, "उच्च शिक्षाका लागि अन्य सहरमा जाने विद्यार्थीलाई जिल्लाकै क्याम्पसमा टिकाउन समुदाय केन्द्रित र स्थानीय तहसँग समन्वय गरेर अनुसन्धानमूलक परियोजनाको योजना बनाएका छौँ ।"

*-रासस*

## प्रभावकारी बन्दै 'सिक्दै कमाउँदै' कार्यक्रम



गण्डकी यहाँका सामुदायिक विद्यालयमा 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै' कार्यक्रम प्रभावकारी बनेको छ । पढाईसँगै जीवनपयोगी सीप सिकाउने लक्ष्यका साथ गण्डकी प्रदेश सरकारले सुरु गरेको कार्यक्रमप्रति पछिल्लो समय विद्यार्थीको आकर्षण बढेको हो । विद्यार्थीलाई विज्ञान विषयमा अभिरुचि जगाउँदै भविष्यमा वैज्ञानिक उत्पादन गर्ने कार्यक्रमको लक्ष्य रहेको गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालयका निर्देशक घनश्याम पौडेलले जानकारी दिए । उनका अनुसार जेहेन्दार, विपन्न एवम् सीमान्कृत वर्गका विद्यार्थीलाई शिक्षासँगै रोजगारीको अवसर सिर्जना गर्न प्रदेशका ३४ वटा सामुदायिक विद्यालयमा सो कार्यक्रम सञ्चालन गरिएका छन् । "पठनपाठनसँगै सीप प्रदान गरी आत्मनिर्भर बनाउने कार्यक्रमको मुख्य उद्देश्य हो", उनले भने, "कार्यक्रमले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि र आर्थिक स्तरीकरणसमेतमा सहयोग पुग्ने विश्वास छ ।" उक्त कार्यक्रममा दुई हजार ५०० विद्यार्थीले सहभागिता जनाएका छन् । प्रदेश सरकारको कार्यविधिअनुसार कार्यक्रम सुरुको अवस्थामा प्रत्येक विद्यालयलाई पाँच लाख रुपैयाँ र त्यसपछि प्रतिवर्ष दुई लाख रुपैयाँका दरले आर्थिक सहयोग गरिँदै आएको निर्देशक पौडेलले बताउनुभयो । प्रदेशका ३६ वटा सँघीय निर्वाचन क्षेत्रमा एक/एक 'स्टिमल्याब' स्थापना गरी सो कार्यक्रम सञ्चालन गरिएका छन् । नवलपुर जिल्लाको देउचुली नगरपालिकास्थित भिमसेन आदर्श माविमा उक्त कार्यक्रम अन्तर्गत विद्यार्थीले नौमती बाजा एवम् मौरीपालन गरी आयआर्जन गरेको मन्त्रालयका उपनिर्देशक ऋषिराम बास्तोलाले जानकारी दिए । कार्यक्रम सञ्चालन भएसँगै सो विद्यालयमा यसवर्ष १५० जना विद्यार्थी नयाँ भर्ना भएको विद्यालयले जनाएको छ । बास्तोलाले भने, "प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने, लक्षित समुहका विद्यार्थीको उच्च शिक्षामा पहुँच विस्तार र तह पुरा गर्ने दर बृद्धि गर्न छात्रवृत्ति कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।" विद्यालयले विद्यार्थीको सैद्धान्तिक ज्ञानलाई सीपसँग जोड्ने काम गरिरहेका छन् । विद्यार्थीलाई सिकेका ज्ञान प्रयोगमा उतार्न विद्यालय हाताभित्र तरकारीखेती, हस्तकलाका सामग्री उत्पादन, पशुपालनलगायत गर्दै आएका छन् । कक्षा ६ देखि १२ सम्मका विद्यार्थी कार्यक्रममा सहभागी गराइएको छ ।

*-हाम्रा कुरा डटकम*

## नौ देशका विद्यार्थीको विज्ञान-प्रविधि सिर्जना प्रदर्शनी



काठमाडौंमा जारी 'ग्लोबल स्टिम फर एसडिजी समिट-२०२५' अन्तर्गत शनिबार विद्यार्थीहरूले आफ्ना आविष्कार र सिर्जनाहरूको प्रदर्शनी गरेका छन् । धुम्बाराहीस्थित रामादा होटलमा भइरहेको तीनदिने समिटको दोस्रो दिनमा आयोजित प्रदर्शनीमा नौ देशका विद्यार्थीहरूले ४० भन्दा बढी स्टलमार्फत विज्ञान, प्रविधि, गणित, वातावरण, व्यवस्थापन र हरित शहर परियोजनासम्बन्धी नमुना तथा प्रत्यक्ष उत्पादन प्रस्तुत गरेका थिए । आयोजक नेपाल र मलेसियाका विद्यार्थीहरूको सहभागिता बढी रहेको प्रदर्शनीमा भारत, पाकिस्तान, बंगलादेश, काजाकिस्तान, ओमन, स्पेन र इजिप्टका विद्यार्थीहरूले समेत आफ्नो सिर्जना प्रस्तुत गरेका थिए । थप ६ देशका विद्यार्थीहरूले अनलाइनमार्फत सहभागिता जनाएका थिए । समारोहका अतिथि नेपालस्थित मलेसियन दूतावासका कन्सुलर मोहम्मद फिर्दुस विन अजमान र धुलिखेल नगरपालिकाका मेयर अशोक व्यञ्जनले उत्कृष्ट सिर्जनाका लागि विद्यार्थीलाई बधाई दिँदै उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्नुभएको थियो । आयोजक संस्थामध्ये नेपालका 'बेन्चमार्क इन्टरनेशनल'का सञ्चालक अजय पुनका अनुसार समिटको समापन विभिन्न कार्यक्रमबीच हुनेछ । समापनमा उत्कृष्ट सिर्जनालाई प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कारसहित मलेसिया भ्रमणको अवसर प्रदान गरिनेछ । मलेसियन सह-आयोजक 'टिएमपी लिटिल साइन्टिस्ट रिसर्च एकेडेमी'की अध्यक्ष डा.जयामालिनीले गतवर्ष यो समिट मलेसियामा भएको स्मरण गर्दै यसपटक नेपालमा आयोजना गरिएको बताए । उनका अनुसार दिगो विकास लक्ष्यमा आधारित यस्तो अन्तर्राष्ट्रिय प्रतिस्पर्धाले विद्यार्थीलाई नवप्रवर्तन र नयाँ आविष्कारतर्फ प्रेरित गर्ने उद्देश्य राखेको छ ।

*-इहिमालय टाइम्स डटकम*

# सोह्र श्रद्धा सकियो



**पाल्पा,** असोज ५/आश्विन कृष्ण प्रतिपदादेखि सुरु भएको पितृपक्ष (सोह्र श्राद्ध) आइतबार सकिएको छ । अपर ह्नकालमा दिवङ्गत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरी यस वर्षको सोह्र श्राद्ध सकिएको हो ।

सोह्र वटा तिथिमा पितृप्रति श्रद्धासाथ पितृकार्य गरिने हुनाले नेपाली समाजमा सोह्रश्राद्धको नामले परिचित छ । चाड पर्व, यज्ञयज्ञादि तथा ठूला कार्य गर्नुभन्दा पहिले आफ्ना पितृको श्रद्धासाथ सम्झना गर्ने वैदिक परम्परा छ । बडादसैँ र तिहारजस्ता महान् चाडका अगाडि पर्ने सोह्रश्राद्धले सन्ततिलाई आफ्ना पितृप्रतिको दायित्वबोध गराउनुका साथै पितृ ऋणबाट मुक्त गराएर चित्तशुद्धि गराउँछ भन्ने मान्यता छ । पितृपक्षको अन्तिम दिन आइतबार आमावास्या अर्थात् औँसी तिथि श्राद्ध गरिन्छ । कुनै कारणवश यो पक्षका अरु तिथिमा गर्नुपर्ने श्राद्ध रोकिएको भए अन्तिम दिन गर्नुपर्छ भन्ने शास्त्रीय मत छ । कुनै कारणवश अड्किएर यस दिन पनि गर्न नसकेमा आपत् धर्मअनुसार आश्विन शुक्ल प्रतिपदादेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा. डा. देवमणि भट्टराई बताउन्छन् । यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिककृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ । कार्तिककृष्ण औँसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत छ । आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औँसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परे पनि रोकिएको सोह्रश्राद्ध गर्न सकिने बताइन्छ । पितृपक्षका बेलामा पितृलोकबाट दिवङ्गत पितृहरू पिण्ड, पानीको आशले मर्त्यलोकमा झर्छन् भनी धर्मशास्त्रका हेमाङ्गि, वीरमित्रोदय, निर्णयसिन्धुलगायत ग्रन्थमा उल्लेख गरिएको छ । यस अवसरमा शास्त्रीय रूपमा दिइएका विकल्पअनुसारका कर्म नगरे पितृ सुस्केरा निकाली सन्तानलाई श्राप दिई फर्कन्छन् भन्ने वाक्य ती ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद्हरूको भनाइ छ । यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आृनो दायित्वबोध पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । वैदिक सनातन हिन्दू धर्मावलम्बीले ठूला माङ्गलिक कार्य गर्नु अगाडि नान्दीमुखी श्राद्ध, पितृको मृत तिथिमा गर्ने एकोद्दिष्ट श्राद्ध, सोह्र श्राद्धमा गर्ने पार्वण श्राद्ध, सोह्र श्राद्ध, औँसी तिथि सोह्र श्राद्धमा मृत्यु भएका पुरुषको सम्झनामा गरिने एक पार्वण श्राद्ध, तीर्थमा गरिने तीर्थ श्राद्ध र बद्रीको ब्रह्मकपाल तीर्थमा गरिने ब्रह्म कपालीजस्ता श्राद्धहरू प्रचलित छन् । यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको छ । सोह्रश्राद्ध अपराह्नकालमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको छ ।

## खेलकुद समाचार

### बङ्गलादेशले श्रीलङ्कालाई हरायो



**काठमाडौं,** असोज ५/एशिया कप टी-२० क्रिकेटमा सुपर-४ को पहिलो खेलमा बङ्गलादेशले श्रीलङ्कालाई हराएको छ । शनिबारराति भएको खेलमा बङ्गलादेशले श्रीलङ्कालाई चार विकेटले हरायो । श्रीलङ्का दिएको एक सय ६९ रनको लक्ष्य पछ्याएको बङ्गलादेशले १९ ओभर पाँच बलमा छ विकेट गुमाएर भेटायो । बङ्गलादेशका लागि मोहम्मद सैफ हसनले ६१ र तौहिद फदयले ५८ रन बनाए । श्रीलङ्काका पिन्नदुवागे वानिन्दु हसरंगा र दासुन शनकाले समान दुई तथा नुवान तुषारा र दुष्मन्थ चमेराले समान एक विकेट लिए । त्यसअघि दुबईमा टस हारेर ब्याटिङ गरेको श्रीलङ्काले सात विकेट गुमाएर एक सय ६८ रन बनाएको थियो । श्रीलङ्काका लागि दासुन शनकाले अविजित ६४ र कुसल मेन्डिसले ३४ रन बनाए । बङ्गलादेशका मुस्ताफिजुर रहमानले तीन, महेदी हसनले दुई र तस्किन अहमदले एक विकेट लिए । यो जीतसँगै बङ्गलादेशले सुपर-४ मा महत्त्वपूर्ण दुई अङ्क जोडेको छ । सुपर-४ मा समूह 'ए' बाट भारत र पाकिस्तान तथा समूह 'बी' बाट श्रीलङ्का र बङ्गलादेश पुगेका हुन् । सुपर-४ मा सबै टोलीले एक अर्कासँग खेल्नेछन् ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचकमा वृद्धि



**पाल्पा,** असोज ५/सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार ११६ दशमलव ०१ अंकले बढेर २ हजार ६ सय २७ दशमलव ९३ बिन्दुमा उक्लेको हो । गत बिहीबार हालसम्मकै उच्च १६० अंक घटेको नेप्सेले आइतबार फेरि वृद्धिको बाटो समातेको छ । आइतबारको वृद्धि अघिल्लो दिनको तुलनामा ४ दशमलव ६१ प्रतिशतले बढी हो ।

सो अवधिमा ३ सय २९ कम्पनीको दुई करोड ३२ हजार २ सय २४ कित्ता शेयर एक लाख आठ हजार ९ सय ८ पटक खरिदबिक्री हुँदा नौ अर्ब १७ करोड ९५ लाख ७३ हजार बराबरको कारोबार भएको छ । म्युचुअल फण्ड शून्य दशमलव ७१ र निर्जीवन बिमा चार दशमलव शून्य दुई प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा बढी व्यापार समूह आठ दशमलव ६६ प्रतिशतले बढेको छ । बैंकिङ चार दशमलव ५२, विकास बैंक छ दशमलव शून्य सात, वित्त पाँच दशमलव ५४, होटल तथा पर्यटन दुई दशमलव ३३, जलविद्युत् पाँच दशमलव ८३, लगानी सात दशमलव ६८, उत्पादन तथा प्रशोधन चार दशमलव ८५, लघुवित्त तीन दशमलव ६९ र अन्य समूह एक दशमलव ५३ प्रतिशतले बढेको छ । कारोबारमा १३ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी गुमाउनेमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको शेयर मूल्य सात दशमलव ६४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको ८३ करोड १३ लाख ५५ हजार ९ सय १० बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा कुमारी बैंक लिमिटेडको नौ लाख १४ हजार ३६ कित्ता शेयर खरिदबिक्री भएको छ ।

# सामुदायिक विद्यालय...

...प्रअ शर्माले यो विद्यालयमा नियुक्ति लिँदा ८७ विद्यार्थी अध्ययनरत थिए । अहिले दुई सय दुई विद्यार्थी अध्ययनरत छन् । विसं २०६५ देखि बृहस्पति आधारभूत विद्यालय निस्दी गाउँपालिका-५ गल्धाबाट शिक्षण पेसा सुरु गरेका शर्माले विद्यालय सुधार गर्ने अठोट लिएर स्थायी नियुक्तिपश्चात रामपुर आधारभूत विद्यालय आएको बताए । "विद्यार्थी संख्या न्यून, समयमा विद्यार्थी तथा शिक्षक विद्यालयमा उपस्थित नहुने, चुहिने कक्षाकोठा, खानेपानी, शौचालय समस्या, अव्यवस्थित विद्युतजस्ता विविध समस्यासँग कछुवा गतिमा चलिरहेको विद्यालय सुधार गर्न सुरुमा कठिन थियो", उनले भने "अभिभावक पनि नयाँ शैक्षिकसत्र सुरु भएपछि अन्यत्र आफ्ना बालबालिका विद्यालय भर्ना गर्न लैजाने तयारीमा हुनुहुन्थ्यो भने शिक्षक, कर्मचारीमा शिक्षण पेसाप्रति उत्साह थिएन, तर मैले हिम्मत गरेर विद्यालय सुधार्नुपर्छ भनेर लागेपछि अहिले हेर्नलायकको विद्यालय बनेको छ ।" समयमा विद्यालय नआउने विद्यार्थी तथा शिक्षक हिजोआज भने समयअगावै आउने गरेका छन् । पहिला शैक्षिक सामग्री र फर्निचर अभाव थियो । अहिले उक्त समस्या छैन । निजी स्रोतमा कार्यरत शिक्षकको हरेक वर्ष तलब वृद्धि, विद्यार्थी संख्या बढेपछि दरबन्दी थप, आधुनिक शिक्षण पद्धतिको व्यवस्था, अनुशासन, समयपालना र मेहनतका कारण विद्यालयले आफ्नो पहिचान फरक बनाउन सफल भएको प्रअ शर्मा बताउन्छन् । उनी भन्छन्, "सुरुआतमा विद्यालयमा हाजिरी भएपश्चात यहाँको गतिविधि बुझ्दा सुधार गर्न सकिएलाजस्तो थिएन, विद्यार्थीले नियमित पोशाक नलगाउने, समयमा उपस्थित नहुने, केही शिक्षक त विद्यालयले बनाएको नियम पालना गर्न नसकेर विद्यालय छाडेर पनि जानुभयो, विद्यालय सुधार गरेर विद्यार्थीलाई गुणस्तरिय शिक्षा दिनेमा म दृढ सङ्कल्प लिएर अघि बढेको छु, अहिले शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी तथा समुदायको राम्रो साथ पाएको हुँदा काम गर्न सहज वातावरण बनेको छ ।" विद्यालयमा २०७८ सालमा ८६, २०७९ सालमा ८७, २०८० सालमा एक सय ४६, २०८१ सालमा एक सय ७६ र २०८२ सालमा दुई सय दुई विद्यार्थी अध्ययनरत रहेका शिक्षक तुलसी गौतमले जानकारी दिए । पछिल्ला तीन वर्षमा विद्यार्थीको संख्या ह्वात्तै बढेको छ । चालु शैक्षिकसत्रमा २६ विद्यार्थी थपिएका छन् । नर्सरीदेखि ८ कक्षासम्म पठनपाठन हुने उक्त विद्यालय अहिले रामपुरकै नमूना र उत्कृष्ट बनेको छ । विद्यालयको वातावरण राम्रो हुँदै गएपछि बोर्डिङ स्कुल छाडेर उक्त विद्यालयमा पढ्न थालेका अभिभावक सङ्गीता काफ्लेले बताइन् । उनका दुई छोराछोरी यही विद्यालयमा पढ्छन् । बेलाबेलामा विद्यालयले अभिभावकलाई बोलाएर आृना छोराछोरीको प्रगतिबारे जानकारी लिन तथा रायसल्लाह सुझाव दिन लगाउँछन् । यसबाट अभिभावकको विद्यालयप्रतिको माया बढ्ने उनको भनाइ छ । "निजी विद्यालयमा महँगो शुल्क तिरेर पढाउनुभन्दा सरकारी विद्यालयमा कम शुल्कमा राम्रो पढाइ भएपछि बोर्डिङबाट छुटाएर यहाँ ल्याएको छु, अब बोर्डिङ स्कुलमा पढाउनुपर्ने अवस्था छैन, सबै सुविधा सरकारी स्कुलमा नै पाइने रहेछ", अभिभावक काृलेले भने । गृहकार्यमा सुधार, विद्यार्थी नियमित विद्यालय आउने वातावरण तयार, बिहानदेखि साँझसम्म विद्यालय खुला र पालो गरेर शिक्षकले विद्यालयको रेखदेख गर्ने व्यवस्था, प्रत्येक विद्यार्थीको व्यक्तिगत अभिलेख राख्ने, प्रत्येक कक्षाकोठामा 'बुक कर्नर'को व्यवस्था, प्रत्येक कक्षाकोठाको अगाडि डिस्प्ले बोर्ड, मासिक रूपमा आन्तरिक परीक्षा लिइने, प्रत्येक दिन शिक्षकले विद्यार्थीलाई स्वागत गर्ने, योगध्यान साधनाको निरन्तर अभ्यास, रामपुर नगरमै नयाँ विषयका रूपमा संस्कारसहितको शिक्षा सुरु गरिएपछि विद्यार्थी तथा अभिभावकको रोजाइमा विद्यालय परेको छ । यस शैक्षिकसत्रदेखि संस्कारसहितको शिक्षा नामक विषय समावेश गरी पठनपाठन सुरु गरेको शिक्षक चम्पा गौतमले बताइन् । पाठमा समावेश विभिन्न समुदायका चाडपर्व, संस्कार, संस्कृति, रीतिरिवाज, वेशभूषा, आदर सत्कार, अनुशासन, नैतिक आचरण, दैनिक गर्नुपर्ने क्रियाकलापजस्ता विषय पढाउने गरेको उनी बताउन्छिन् । "विद्यार्थीले पाठ सुरु गर्नुपूर्व संस्कार, संस्कृतिसँग जोडिएका विभिन्न श्लोक तथा पाठ वाचन गर्छन्, कक्षाकोठामा विषय नै समावेश गरी पढाउन थालेपछि विद्यार्थीको आनीबानीमा धेरै परिवर्तन आएको छ", उनले भनिन् । आन्तरिक परीक्षाका लागि बाहिरका पालिकाबाट तयार पारिएका प्रश्नपत्रबाट परीक्षा लिइने, नतिजामा सुधार, कमजोर विद्यार्थीलाई सुधारका लागि छुट्टै शिक्षकको व्यवस्था, मासिक रूपमा शिक्षक, कर्मचारीको अनिवार्य बैठक, कक्षाअनुसार हरेक महिना अभिभावक भेला तथा विभिन्न तहमा शिक्षकलाई जिम्मेवारी दिएर शिक्षणकार्य सञ्चालन भइरहेको छ । विद्यालयको शैक्षिकस्तर उकासिँदै जाँदा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी यस विद्यालयमा भर्ना भई अध्ययन गरेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष विष्णुप्रसाद गौतमले जानकारी दिए । युवा नेतृत्वले संस्था कसरी बन्छ भन्ने उदाहरण आृनै विद्यालयले प्रस्तुत गरेको उनी बताउन्छन् । "शैक्षिकस्तर सुधार गर्न समितिले प्रधानाध्यापक, शिक्षक, कर्मचारीलाई कुनै अप्ठ्यारो स्थिति सिर्जना गरेको छैन, यसमा समितिले सहजीकरण गर्दै आइरहेको छ, विद्यालय सुधार गर्न कुशल प्रशासनिक अनुभव भएको प्रअ चाहिने रहेछ", अध्यक्ष गौतमले भने । हाल विद्यालयमा स्थायी दरबन्दीमा चार, निमावि राहत दरबन्दीमा एक, प्रावि राहत दरबन्दीमा दुई, बालविकास राहत दरबन्दीमा एक, शिक्षण निमावि अनुदानमा एक, निजी स्रोतबाट सात, कार्यालय सहयोगी राहत दरबन्दी एक गरी जम्मा १७ शिक्षक कर्मचारी कार्यरत छन् । विद्यालयमा कार्यरत शिक्षक कर्मचारीमध्ये दुई जनाबाहेक सबै महिला छन् । करिव १२ रोपनी क्षेत्रफल विद्यालयको नाममा रहेको छ । चारैतिर पक्की घेराबार गरिएको पाँचवटा भवनमा १२ शैक्षिक प्रयोजनका लागि कक्षा सञ्चालन भइरहेको छ । विसं २०४६ मा कक्षा १ देखि ३ सम्म स्थापना भएको विद्यालयमा हाल कक्षासम्म पठनपाठन भइरहेको छ । विद्यार्थीका लागि छात्रावास र शिक्षकका लागि आवाससहितको सुविधायुक्त भवन निर्माण गर्ने, करेसाबारी र फूलबारी, कृषि उत्पादनका लागि विद्यार्थीलाई लक्षित गरी कार्यक्रम गर्ने, इन्टरनेटको प्रयोग गरी स्मार्टबोर्ड र प्रोजेक्टरबाट कक्षा सञ्चालन गर्ने, खेलमैदानको उपयुक्त व्यवस्थापन गर्ने, योग ध्यान, साधना र खेलकुदलाई जोड दिने विद्यालयको लक्ष्य छ । यस्तै रामपुरकै अर्को नमूना विद्यालय हो, बेलघारी प्राथमिक विद्यालय । रामपुर नरपालिका-१ क्वाङक्वाङमा यो विद्यालय पनि युवाकै नेतृत्वमा चलेको छ । युवा प्रधानाध्यापक छापबहादुर थापाले विद्यालयको नेतृत्व गरिरहेका छन् । युवा नेतृत्वपश्चात विद्यालयले मुहार फेर्दै गएको छ । पहिला यस विद्यालयमा नियमित रूपमा विद्यार्थी आउँदैनथे । अभिभावकले पनि विद्यालयप्रति चासो देखाउँदैनथे । हिजोआज भने युवाको नेतृत्वले विद्यार्थी नियमित आउने र विद्यालयप्रति अभिभावकले चासो देखाउने, सल्लाह सुझाव दिने गरेको प्रधानाध्यापक थापाले बताए । "हरेक संस्थामा युवा नेतृत्वलाई जिम्मेवारी दिइयो भने काम गर्न सजिलो हुन्छ, युवा ऊर्जावान भएकाले नेतृत्व उनीहरुलाई नै दिनुपर्छ", प्रअ थापाले भने । कक्षा ५ सम्म पठनपाठन हुने यस विद्यालयमा अङ्ग्रेजी माध्यममा पढाइ हुने गरेको छ । हाल विद्यालयमा ४७ विद्यार्थी अध्ययनरत छन् । उक्त विद्यालय २०२२ सालमा स्थापना भएको हो । रामपुर नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा युवा नेतृत्वले शैक्षिक क्षेत्रमा सुधार आएको नगर शिक्षा अधिकृत विकल काृले बताउन्छन् । "युवा नेतृत्वमा चलेका विद्यालयको वातावरण नै बदलिएको छ, हिजो विद्यार्थी सङ्ख्या न्यून भएर गाभिन लागेका, शैक्षिक तथा भौतिक क्षेत्रमा पछाडि परेका विद्यालय अहिले नमूना विद्यालय बनाउन सफल भएको देख्दा खुसी लागेको छ", उनले भने । *-रासस*


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई